# बैठक संख्याः ३८

आज मिति २०७५।०७।०७ गतेका दिन यस कनकाई नगरकार्यपालिकाका प्रमुख श्री राजेन्द्र कुमार पोखरेल ज्यू को अध्यक्षतामा वडाअध्यक्ष तथा कार्यपालिका सदस्य सहितको उपस्थितिमा कनकाई नगरकार्यपालिकाको बैठक नगरपालिकाको कार्यालयमा बसी देहाय बमोजिम निर्णय गरियो ।

उपस्थिति–

| | | |
|---|---|---|
| १. | नगर प्रमुख | श्री राजेन्द्र कुमार पोखरेल– |
| २. | नगर उप प्रमुख | श्री मञ्जु प्रसाई– |
| ३. | वडा अध्यक्ष | श्री रोशन राज पोखरेल– |
| ४. | वडा अध्यक्ष | श्री परशुराम गिरी – |
| ५. | वडा अध्यक्ष | श्री रुद्र प्रसाद चिमरीया– |
| ६. | वडा अध्यक्ष | श्री गोबिन्द प्रसाद पौडेल– |
| ७. | वडा अध्यक्ष | श्री कृष्ण बहादुर राई– |
| ८. | वडा अध्यक्ष | श्री लक्ष्मी प्रसाद ओली – |
| ९. | वडा अध्यक्ष | श्री लीला बहादुर कन्दङ्वा– |
| १०. | वडा अध्यक्ष | श्री प्रेम बहादुर कटुवाल– |
| ११. | वडा अध्यक्ष | श्री प्रेम प्रसाद राजवंशी– |
| १२. | कार्यपालिका सदस्य | श्री सिता अधिकारी– |
| १३. | कार्यपालिका सदस्य | श्री साबित्रा बर्देवा– |
| १४. | कार्यपालिका सदस्य | श्री चुवा लाल राजवंशी– |
| १५. | कार्यपालिका सदस्य | श्री देबेन्द्र कुमार दर्जी– |
| १६. | कार्यपालिका सदस्य | श्री कृष्ण माया भुजेल– |
| १७. | कार्यपालिका सदस्य | श्री सुनिता खरेल सिग्देल– |
| १८. | कार्यपालिका सदस्य | श्री नवलकिशोर दत्त कायस्थ– |
| १९. | कार्यपालिका सदस्य | श्री मुना बयलकोटी |
| २०. | कार्यवाहक वडा अध्यक्ष | श्री देवि प्रसाद अधिकारी |
| २०. | सदस्य सचिव | श्री देवेन्द्र कार्की |

प्रस्तावहरु
१. विकास सूचना केन्द्र सञ्चालन सम्बन्धमा।
२. नगर कार्यपालिका (कार्य विभाजन) नियमावली सम्बन्धमा।
३. शुभकामना सन्देश सम्बन्धमा।
४. धन्यवाद ज्ञापन सम्बन्धमा।

निर्णय नं. १
प्रस्ताव नं. १ माथि छलफल गर्दा वडागत रुपमा भएका विकासका गतिविधिलाई दैनिकरुपमा सञ्चार माध्यमहरुबाट सम्प्रेषण गर्न नगरपालिकाको कार्यालयमा विकास सूचना केन्द्र स्थापना गर्ने र उक्त सुचना केन्द्रमा वडा कार्यालयहरुले विकास गतिविधिहरु दैनिक रुपमा जानकारि गराउने निर्णय गरियो ।

निर्णय नं. २
प्रस्ताव नं. २ माथि छलफल गर्दा यस नगरपालिकाबाट जारी भएको *नगर कार्यपालिका (कार्य विभाजन) नियमावली,* २०७४ मा आवश्यक संशोधन गर्नु पर्ने भएकोले आगामी बैठकमा संशोधन पेश गर्न बिधेक समितिलाई जिम्मेवारी दिने निर्णय गरियो ।

निर्णय नं. ३
प्रस्ताव नं. ३ माथि छलफल गर्दा नेपालीहरुको दोस्रो महान चाड शुभदिपावली तथा छठ पर्वको पावन अवसरमा सम्पूर्ण जनप्रतिनिधि, कर्मचारी तथा नगरबासीहरुलाई शुभकामना प्रदान गर्ने निर्णय गरियो ।

निर्णय नं. ४
प्रस्ताव नं. ४ माथि छलफल गर्दा मिती २०७४/०७/०६ देखि यस नगरपालिकामा कार्यरत प्रमुख प्रशासकीय अधिकृत श्री देवेन्द्र कार्कीको संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको निर्णय बमोजिम सरुवा भएको हुनाले यस अवधिमा उहाँले गर्नु भएको कार्य प्रति धन्यबाद ज्ञापन गर्दै आगामी कार्यकालको सफलताको शुभकामना प्रदान गर्ने निर्णय गरियो ।